# तामाङ समुदायमा 'ज्हो' प्रणाली : महिलाहरूको अधिकार र सांस्कृतिक संरचना

**सेतेमान तामाङ**

**शोधसार**

तामाङ समुदायमा प्रचलित 'ज्हो' प्रणाली महिलाहरूको अधिकार र सांस्कृतिक मूल्य-मान्यताहरूसँग सम्बन्धित छ । 'ज्हो' प्रणाली महिलाहरूको सम्पत्ति र अधिकारसँग सम्बन्धित छ र यसले समुदायको सांस्कृतिक र सामाजिक संरचनामा महत्त्वपूर्ण भूमिका खेल्दछ । तामाङ समुदायमा 'ज्हो' प्रणाली केवल सम्पत्ति वितरणको एक माध्यम मात्रै होइन । यसले महिलाको सामाजिक, आर्थिक र सांस्कृतिक स्थिति मजबुत पार्नमा महत्त्वपूर्ण भूमिका खेल्दछ । 'ज्हो' प्रणालीले महिलाहरूलाई स्वआर्जन गर्न र आत्मनिर्भर बन्नका लागि आवश्यक आधार प्रदान गर्दछ, जसले तिनीहरूको अधिकार र स्वतन्त्रता सुनिश्चित गर्दछ । 'ज्हो' भन्नाले त्यस्ता सम्पत्ति र दानहरूलाई बुझिन्छ जुन छोरीलाई साना उमेरदेखि आमाबाबाले दिन्छन् । यसले उनलाई भविष्यमा आत्मनिर्भर बन्नका लागि आधार प्रदान गर्दछ । तामाङ समुदायमा 'ज्हो' सँगै छोरीको भविष्यको आर्थिक सुरक्षा र आत्मनिर्भरता सुनिश्चित गर्ने धारणा पनि विद्यमान छ । 'ज्हो' प्रणालीले महिला सशक्तीकरणमा महत्त्वपूर्ण भूमिका खेल्दछ र तिनीहरूको सामाजिक स्थिति सुधार्न मद्दत गर्दछ । अविवाहित महिलाहरूले पनि 'ज्हो' प्रणालीमा महत्त्वपूर्ण स्थान पाउँछन् । यसले तिनीहरूको भविष्यको सुरक्षा र स्वाधीनता सुनिश्चित गर्दछ । 'ज्हो' एक प्रतीकको रूपमा कार्य गर्दछ । यो प्रणालीले तामाङ महिलाहरूलाई आर्थिक, सामाजिक र सांस्कृतिक सशक्तीकरणमा योगदान पुऱ्याउँछ ।

'ज्हो' प्रणालीले तामाङ समाजमा महिलामाथिको भेदभाव र विभेदलाई हटाउनमा ठुलो भूमिका खेल्छ । यसले महिलालाई आर्थिक र सामाजिक रूपमा बलियो बनाउन सहयोग पुऱ्याउँछ । महिलाहरूले आफूलाई आत्मनिर्भर बनाउनका लागि आवश्यक सिप, कला र ज्ञान प्राप्त गर्छन् । यो परम्परा समाजमा लैङ्गिक समानता र अधिकारको अवधारणा फैलाउन मद्दत पुऱ्याउँछ । यसैले, 'ज्हो' प्रणाली एक प्रकारको सामाजिक संरचना हो जसले आर्थिक स्थायित्व र सामाजिक एकतालाई झल्काउँछ ।

**शब्दाकुन्जीः** 'ज्हो' प्रणाली, सशक्तीकरण, स्वतन्त्रता, पहिचान, चुनौतीहरू, आत्मनिर्भरता आदि ।

## १. अध्ययन विधि

यस अध्ययनमा तामाङ समुदायको 'ज्हो' प्रणाली र महिलाको अधिकारको विश्लेषण गर्न विभिन्न अनुसन्धान पद्धतिहरू अपनाइएका छन् । मुख्य रूपमा धादिङ जिल्ला साबिक सेर्तुङ गाविसमा १,५०० घरधुरीसँग सर्वेक्षण गरिएको छ, । साथै २०० जना महिला र १५० जना पुरुषसँग व्यक्तिगत अन्तरवार्ता गरिएको छ । अवलोकन, संवाद र छलफलबाट प्राप्त सूचनालाई समेटिएको छ । यस अनुसन्धानमा

सङ्ख्यात्मक र गुणात्मक दुवै पक्षलाई प्राथमिकता दिएको छ । सङ्ख्यात्मक पक्षअन्तर्गत ‘ज्हो’ व्यवस्थाका महिलाहरू अवस्था, ‘ज्हो’ व्यवस्थाको उपभोग र गुणात्मक पक्षअन्तर्गत ‘ज्हो’ व्यवस्थाको सामाजिक, सांस्कृतिक संरचना, मूल्यमान्यता, विश्वास, आस्था र महिलाको अधिकारका पक्षबाट अध्ययन गरिएको छ । त्यसका निम्ति विभिन्न समूह तथा जानकारहरूसँग अन्तरक्रिया, छलफल, संवाद र अन्तर्वार्ता गरिएको छ । त्यसैगरी अध्ययन अनुसन्धानमा प्राथमिकता र द्वितीय दुवै खाले स्रोतहरूबाट तथ्याङ्क तथा सूचनाहरू सङ्कलन गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत स्थलगत अवलोकन तथा परीक्षण गरी विभिन्न प्रश्नावलीहरूको प्रयोगद्वारा अन्तर्वार्ता, छलफल र द्वितीयअन्तर्गत स्वदेशी तथा विदेशीहरूको अध्ययन अनुसन्धान गरी लेखेका लेख, पुस्तक, म्यागेजिन, शोधग्रन्थबाट सहयोग लिइएको छ । डेटा सङ्कलन प्रक्रियालाई व्यवस्थित र बहुआयामिक बनाउन प्रश्नावली, फोकस समूह छलफल र अनौपचारिक अन्तरवार्ताहरू समावेश गरिएको छ ।

**२. अध्ययनको क्षेत्र / भौगोलिक परिवेश**

नेपालको हिमालय क्षेत्रदेखि काठमाडौँ उपत्यका वरिपरि (धादिङ, रासुवा, नुवाकोट, काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली, दोलखा, रामेछाप, मकवानपुर र चितवन) र उपत्यकाभित्र ललितपुर, भक्तपुर र काठमाडौँमा तामाङ समुदाय (बिष्ट : २०५३) बस्दै आएको छ । भोटे अक्षर पढ्ने र लामा धर्म मान्ने हुनाले उहिले-उहिले तामाङलाई भोटे अर्थात् (संस्कृत भाषामा भोट भनेको हिमाल) पनि भन्ने गरेको पाइन्छ (बिष्ट:२००२, २८) । तामाङहरूको आफ्नो पुरानो धर्म लामा-बौद्ध धर्म हो । तामाङहरू खासगरी भगवान बुद्ध, अवलोकितेश्वर र गुरु पद्म सम्भव तथा कैयन ठुला अवतारी लामाहरूको पूजापाठ गर्ने गर्छन् । (दाहाल, २०७२) । तामाङहरू परापूर्वकालदेखि बौद्ध धर्मलाई मान्ने समुदाय हुन् र तिनीहरूको संस्कृति र परम्परा बौद्ध धर्मको संस्कृतिसँग गहिरो सम्बन्धित छन् भन्ने पाखिनको पनि भनाइ रहेको छ र तामाङहरू प्रकृति पूजक पनि हुन् (पाखिन, २००५) ।

जनसङ्ख्याका दृष्टिले तामाङ समुदाय नेपालको कुल जनसख्याको पाँचौं तथा आदिबासी जनजाति समुदायको तेस्रो स्थानमा रहेको समुदाय हो (राष्ट्रिय तथ्याङ्क, २०७८) । वि.सं. २०७८को जनगणनाअनुसार तामाङहरूको जनसङ्ख्या १६ लाख ३९ हजार ८ सय ६६ (५.६२%) रहेको छ । तामाङ समुदाय आदिमकालदेखि हिमाली क्षेत्रको वरिपरिदेखि काठमाडौँ उपत्यका वरीपरि बसोबास गरी आफ्नो धर्म, संस्कार, संस्कृति तथा सामाजिक मान्यताहरूमा आधारित सामाजिक तथा सांस्कृतिक एवं धार्मिक अनुष्ठानहरूको जगेर्ना गरी बसोबास गरिरहेको मानिन्छ (पाण्डे, २०६१) ।

तामाङ समुदायको आफ्नो छुट्टै सभ्यता, मौलिक पहिचान, परम्परा, रीतिरिवाज, रहनसहन, भाषा, धर्म, संस्कृति, लिपि, संस्कारका साथै सामाजिक तथा सांस्कृतिक मूल्य र मान्यताहरू रहेका छन् (तामाङ : २०८१) । राज्यको राष्ट्रिय तथ्याङ्कमा रहे तापनि यो सङ्ख्या सत्यतथ्य र यथार्थमा नरहेको भनी धेरै तामाङ समुदायका जानकारहरू बताउने गर्दछन् । तामाङ समुदायका जानकारहरूका अनुसार करिब २०-२५ लाखसम्म तामाङहरू रहेको अनुमान गरिन्छ तर वास्तविक तथ्यको तथ्याङ्क भने कहीँ कतै उपलब्ध भएको पाइँदैन ।

यो अध्ययनले यस क्षेत्रमा बस्ने सबै तामाङहरूलार्य नसमेटेर केवल ल्हप्साङ्कर्पो वरिपरि रहेका पश्चिममा बुढीगण्डकी र पूर्व-दक्षिणमा वेत्रावतीको तत्कालीन तामाङ समुदायको स्वशासन राज्य अर्थात् ल्हप्साङकर्पो सभ्यताको रुबिभ्याली गापा (साबिक सेर्तुङ(सर्दुङ) नम्सा (गाउँ))लाई आधार बनाएको छ । हालसम्म साबिक सेर्तुङ गाविस र त्यस आसपास रहेको ‘ज्हो’ प्रणालीबारे अध्ययन भएको पाइँदैन । खासमा साबिक सेर्तुङ गाउँसँगै वरिपरिका गाउँहरू वा पालिकाहरूसँग खासै संस्कृति फरक पाइँदैन । यस लेखमा सोही क्षेत्रमा प्रचलित रहेको ‘ज्हो’ प्रणालीबारे अध्ययन गरिएको छ ।

### ३. लेखको समस्या र उद्देश्य

तामाङ समुदायमा रहेको 'ज्हो' प्रणालीको आर्थिक, सामाजिक र सांस्कृतिक महत्त्व के छ भन्ने समस्यामा केन्द्रित रही यो लेख तयार पारिएकाले उक्त जातिमा रहेको 'ज्हो' प्रणालीको आर्थिक, सामाजिक तथा सांस्कृतिक स्वरूपको व्याख्या विश्लेषण गर्नु यो लेखको प्रमुख उद्देश्य रहेको छ ।

### ४. अध्ययनको सैद्धान्तिक आधार

नेपाल एक विविधतायुक्त राष्ट्र हो, जहाँ सामाजिक तथा सांस्कृतिक र भौगोलिक रूपमा नै विविधतायुक्त रहेको छ (संविधान, २०७२) । नेपालमा १४२ वटा जातजाति र १२४ भाषाभाषी बोल्ने गर्दछ (राष्ट्रिय तथ्याङ्क: २०७८) । तामाङ समुदाय नेपालको पहाडी क्षेत्रका प्रमुख जनजातिहरूमा एक हो, नेपालको कुल जनसङ्ख्याको पाँचौं जनसङ्ख्या भएको समुदाय हो । जुन समुदायको छुट्टै मौलिक पहिचानमा आधारित भाषा, धर्म, संस्कृति, भेषभूषा, लवाइखवाइ, रीतिरिवाज, सभ्यता सहित परम्परागत सिप, कला, ज्ञान, पेसा, विश्वास र आस्था रहेको छ (तामाङ, २०८१) ।

मानवशास्त्री मालिनोस्कीको सामाजिक विज्ञानको विश्वकोश (१९३१:६२१-४६) मा उनको भनाइ "संस्कृतिले वंशानुगत कलाकृतिहरू, वस्तुहरू प्राविधिक प्रक्रियाहरू, विचारहरू, बानीहरू र मूल्यहरू समावेश गर्दछ" र सामाजिक संगठनहरू स्पष्ट रूपदेखि संस्कृतिको एक हिस्सा हो । उनको भनाईको आधारको दृष्टिकोणमा तामाङ समुदायको छुट्टै मौलिक परम्परामा आधारित संस्कृति, वंशाणुगत कलाकृति, बिचार, मूल्यमान्यताहरू तामाङ संस्कृतिअन्तर्गत पर्दछ । मानव समुदायहरूले आफु बसोबास गर्ने स्थानहरूमा आफ्नो मौलिक परम्परा, भाषा, संस्कृति, कलार रीतिरिवाजहरूको विकास गरी फरक किसिमको मौलिक परम्पराहरूको पहिचान झल्किने गरी बिभिन्न खाले संस्कार र सस्कृतिको विकासहरू पनि गरी आएको हो (तामाङ, २०५९) । तामाङ समुदाय नेपालमा एक महत्त्वपूर्ण जातीय समुदाय हो, जसको सांस्कृतिक र सामाजिक संरचना गहिराइमा विद्यमान छ (तामाङ, २०७७) ।

मानवशास्त्री एवं संस्कृतिका दार्शनिक इबी टेयालरको भनाइमा संस्कृतिलाई जनसङ्ख्याको ज्ञान, विश्वास, कलाको संहिता, कानुन, नैतिकता, प्रथा, शिष्टाचार, भाषा, पोसाक, धर्म, अनुष्ठान र संस्थाहरूसहित समावेश गर्दछ । संस्कृति जीवनका सबै तरिकाहरू जुन एउटा पुस्तादेखि अर्को पुस्तामा हस्तान्तरण गरिन्छ । समाजको एक सदस्यको रूपमा मानिसले प्राप्त गरेको अन्य कुनै पनि क्षमताहरू गर्ने जटिल समग्र संस्कृतिका सिद्धान्तको विकास गरेका हुनाले संस्कृतिलाई सम्पूर्ण समाजको जीवन पद्धति भनिन्छ । उनको दृष्टिकोणसँग सम्बन्धित रहेर तामाङ समुदायमा प्रचलित 'ज्हो' प्रणालीको सामाजिक तथा सांस्कृतिक लैङ्गिक अवस्थाको विश्लेषण यस लेखमा गरिएको छ ।

### ५.'ज्हो' प्रणालीको सामाजिक भूमिका र संरचना

तामाङ समुदायको सामाजिक तथा सांस्कृतिक रूपमा मौलिक परम्परासँग जोडिएको अनुष्ठान⁄संस्कारहरूमा लामा, बोम्पो, स्येपेम्बो, गुर्बा र म्होपेम्पो⁄साङतुङ वा तम्बा(तम्बा परम्परा ल्हप्साङकर्पो तामाङ सभ्यता छैन) रहेका छन् भने विवाह, छेवार, घेवा, मणि जात्रा, 'ज्हो' संस्कार, मित, न्वारन, जन्म, प्राकृतिक पूजा आदि चाहिं संस्कृति हुन् (होल्म्बेर्ग, १९८९) । यी सामाजिक तथा सांस्कृतिक परम्परामा आधारित अनुष्ठान(संस्कार) र संस्कृति नै तामाङ समुदायको स्वशासन अर्थात् ह्युलठिम(कानुन) र पेठिम(सस्कृति⁄संस्कार)लाई ठिम भनिन्छ (तामाङ, २०८१) ।

तामाङहरूको सांस्कृतिक संरचना उनीहरूको भाषा, सङ्गीत, नृत्य र पर्वहरूको माध्यमबाट प्रकट हुन्छ । तिनीहरूको प्रमुख सांस्कृतिक संरचना विशेष रूपमा पारम्परिक मान्यतामा आधारित छ (लामा, २०१८) । यस समुदायमा भाषा, धर्म र परम्परा गहिरो रूपमा व्यक्त भएको छ, जसले उनीहरूको सामाजिक जीवन र परस्पर सम्बन्धहरूमा महत्त्वपूर्ण भूमिका खेल्दछ । तामाङ समुदायका

मानिसहरू प्रायः कृषि, पशुपालन र हस्तकलाका माध्यमबाट आफ्नो जीवनयापन गर्दछन् र तिनीहरूको सामाजिक संरचना पारिवारिक र जातीय सम्बन्धहरूमा आधारित हुन्छ (बिष्ट, २००२)।

### ५.१ 'ज्हो' प्रणालीको प्रमुख तत्त्व

तामाङ समुदायमा प्रचलित 'ज्हो' प्रणाली एउटा छुट्टै परम्परा बोकेको सांस्कृतिक प्रचलन हो । जसमा छोरीले साना उमेरदेखि नै कुखुरा, भेडाबाखा र अन्य सम्पत्तिहरू आफ्नो नाममा पाउने गर्दछन् । यसरी सङ्कलित सम्पत्ति भविष्यमा विवाहका अवसरमा तिनीहरूको अधिकार र स्वामित्वमा प्रयोग हुने गरिन्छ । ९२ वर्षीय श्री कामी लामा तामाङको भनाइमा- तामाङ समुदायमा, 'ज्हो' सँगै छोरीको व्यक्तिगत विकासमा पनि मद्दत गर्दछ, जहाँ उनीहरू कृषिकार्य र पशुपालनमा संलग्न रहन्छन् । यस प्रक्रियामा उनीहरूको श्रमको मूल्याङ्कन गरिन्छ र उनीहरूले जम्मा गरेको सम्पत्ति भविष्यमा आत्मनिर्भर बन्नका लागि महत्त्वपूर्ण ठहरिन्छ । विवाहपश्चात् छोरीको नाममा रहेको सम्पत्ति र आर्थिक अधिकार माइती पक्षमा पनि रहन्छ, जसले तिनीहरूको सामाजिक मान्यता र सम्मानलाई सुदृढ गर्दछ ।

'ज्हो' बुबाआमाले सानो उमेरमा थोरैथोरै दिएको अन्नबाली वा चौपाया हो भने 'देज्हो' छोरी आफैले सानो उमेरमा सिलो टिप्ने(पछाडी बाली टिप्ने), जडीबुटी खोजेर आर्जन गर्ने आदिबाट प्राप्त आर्यस्रोत हो । 'ज्हो' वा 'देज्हो'बाट आर्जन गरेको सम्पत्ति भविष्यमा छोराको अधिकार हुँदैन, उनको सम्पत्तिको हक उनको छोरीको हुन्छ । यदि छोरी भएन भन्ने छोराको हक लाग्छ भने छोरी भएको अवस्थामा पूर्णरूपमा छोरीको अधिकार हुने गर्छ । विशेषगरी 'ज्हो' व्यवस्थाले गर्दा फुपूको छोरी र मामाको छोरीबिच बढी बिहे हुने चलन रहेको भनाई ५७ वर्षीय श्री कुमासिंह तामाङ भन्नु हुन्छ । फूपुले आफ्नो माइतीबाट 'ज्हो' लागेर गएको हुन्छ त्यो 'ज्हो' कम्तिमा फेरी पुनः आफ्नै घरमा फर्काउँछन् भन्ने मान्यताले पनि फुपूको छोरी खोजीखोजी बिहे गरेको हो भन्ने भनाइ राख्दछ ।

सेर्तुङ निवासी ६५ वर्षीय श्रीमती फेसाङ तामाङ भन्नुहुन्छ तामाङ महिलाहरूको निजि आर्थिक सम्पत्ति भनेकै आफैले आर्जन गरेको 'ज्हो' नै हो । 'ज्हो' व्यवस्थाले तामाङ महिलाहरू आर्थिक उन्नति उहिलेदेखि रही आएको छ । यो एक सामाजिक अवस्था र सांस्कृतिक मूल्यमान्यतामा आधारित सम्पत्ति हो जसले आर्थिक संरचना निर्माण गर्दछ । 'ज्हो' व्यवस्था महिलाहरूको निजि सम्पत्ति भएकाले आफू अनुकुल उपभोग गर्न पाउने र श्रीमानको आर्थिक भर पर्नुपर्दैन यसले आत्मनिर्भरता बनाएको हुन्छ ।

### ५.२ 'ज्हो' प्रणालीमा रहेका सामाजिक र सांस्कृतिक मूल्यमान्यता

६७ वर्षीय श्री पूर्णबहादुर तामाङको भनाइमा 'ज्हो' प्रणालीमा दाइजो, पेवा र 'देज्हो' जस्ता अन्य प्रथाहरूसँगको भिन्नता पनि महत्त्वपूर्ण छ । दाइजो र पेवा प्रथा मुख्यतया विवाहको अवसरमा सम्बन्धित छन्, जबकि 'ज्हो' भने दीर्घकालीन स्वामित्व र अधिकारको सुनिश्चितता गर्दछ । ५३ वर्षीय श्रीमती सार्चीजोम तामाङको भनाइमा 'ज्हो' छोरी किशोरी अवस्थामा आमाबुबा वा दाजुभाइले उनलाई श्रम गरेबापत वा भविष्यमा उनलाई के लाभदायी हुन्छ भन्ने आधारमा पनि 'ज्हो' व्यवस्था गरेको हुन्छ । 'ज्हो' व्यवस्थाले थोपाथोपा जम्मा गरी समुद्र बन्छ भन्ने रूपकलाई चरितार्थ गर्दछ । तामाङ समुदायमा 'ज्हो'को महत्त्व छोरीको भविष्यको आर्थिक सुरक्षा र आत्मनिर्भरता सुनिश्चित गर्नमा मद्दत गर्दछ ।

तामाङ समुदायमा 'ज्हो' प्रणाली एक महत्त्वपूर्ण सांस्कृतिक संरचना पनि हो, जसले परम्परागत मान्यताहरूलाई समेट्छ र तिनीहरूको सामाजिक जीवनमा गहिरो प्रभाव पार्दछ । 'ज्हो' प्रणालीमा विश्वास गरिन्छ कि महिलाहरूको भूमिका परिवार र समुदायको विकासमा अत्यन्त महत्त्वपूर्ण छ तर यसै क्रममा विभिन्न परम्परागत मान्यताहरूले महिलाको सक्रियता र अधिकारलाई सीमित गर्न सक्छ । यस प्रणालीमा महिला र पुरुषको भूमिकाबारेका परम्परागत धारणाहरूले समाजमा लैङ्गिक भेदभावलाई जन्माउँछन्, जसले तिनीहरूको समुन्नतिमा बाधा पुऱ्याउँछ । विशेष गरी विवाह र परिवारको संरचनामा

रहेका परम्परागत मान्यताहरूले महिलाको स्वतन्त्रता र निर्णय क्षमतालाई प्रभावित पार्दछ, जसले गर्दा उनीहरूलाई आफ्नो अधिकारको प्रयोग गर्न कठिनाइ हुन्छ ।

**५.३ आर्थिक र सामाजिक स्थितिः**

तामाङ समुदायमा 'ज्हो' प्रणाली महिलाको आर्थिक उत्थानको आधारस्तम्भ हो । यसमा महिलाहरूले स्वआर्जन र सम्पत्ति जम्मा गरेर सामाजिक प्रतिष्ठा हासिल गर्छन् । विवाहपछि पनि छोरीले आफ्नो 'ज्हो' आफ्नै पूर्खाको प्रतिनिधित्वको रूपमा लिन्छन् । यसैले तामाङ समुदायमा महिलाको स्थिति सुदृढ बनेको हुन्छ र उनीहरूलाई आफ्नो भविष्यको सिर्जनामा सक्रिय बनाउँछ । 'ज्हो' प्रणाली आर्थिक जीविकोपार्जनसँग मात्रै नभएर सामाजिक तथा सांस्कृतिक महत्त्व र मूल्यमान्यतासँग पनि सम्बन्धित रहन्छ ।

साबिक सेर्तुङ गाविस हिन्दुङ निवासी ७० वर्षीय श्रीमती डेल्मो तामाङ बताउनुहुन्छ- नेपालको कानुनले छोरीलाई जग्गा जमिनलगायत सम्पत्ति दिएको हुँदैन तर हाम्रो समुदायले छोरीलाई जग्गाजमिन दिन नमिले पनि जग्गाजमिनको रूपमा खोरिया(सिम्प्राङ), अन्नबाली, पशुपक्षीलगायत चल/अचल वा चौपाया आमाबुबा र दाजुभाइहरूले सम्पत्तिको रूपमा आफ्नो चेलीलाई घरमा काम गरेबापत उनको श्रमको ज्यालाभैँ दिएको हुन्छ । आमाबुबा र दाजुभाइले छोरी मानिस अरूको घरमा जान्छन् उनको श्रम त्यतिकै(सित्तैमा) खानु हुँदैन बरु 'ज्हो'को रूपमा राख्नुपर्छ । भविष्यमा उनले हाम्रो घरको प्रतीक र हाम्रो हातको चिनाको रूपमा लिएर जान्छन् भन्ने मान्यता रहेको भन्छन् ।

८३ वर्षीय श्री सरीलामा तामाङको भनाइअनुसार हामी पाँच दाजुभाइ; हाम्रो खासै सम्पत्ति थिएन । जब मैले बिहे गरेँ, मेरो श्रीमतीले उनको माइतीबाट 'ज्हो' मार्फत भेडा-बाखा ४० वटा, १० वटा गाईगोरु र कुखुरा ल्याइयो । मेरो दाजुभाइको भन्दा मेरो आर्थिक स्थिति राम्रो भयो । उनैको माहिँली बुहारी ५१ वर्षीय श्रीमती जिममाया तामाङको भनाइमा हाम्रो खासै सासुराको सम्पत्ति थिएन । सासु आमाले ल्याएको 'ज्हो'ले गर्दा हाम्रो जग्गाजमिन जोडेको हो र त्यसैको जग नै अहिले हाम्रो भेडाबाखा, गाईवस्तुको निरन्तरता हो । उनैको जेठी छोरी ४९ वर्षीय श्रीमती प्लेक्ता तामाङ भन्छिन्- मेरो आमाको 'ज्हो' नै मेरो भेडाबाखा हो । मेरो श्रीमानहरूले कहिल्यै भेडाबाखा पालेको थिएन । जब मैले 'ज्हो' मार्फत भेडा बाखा ल्याएँ त्यसपछि मेरो श्रीमान् भेडाबाखाको गोठालो गर्छ । उनका श्रीमान् ४८ वर्षीय श्री म्हङ्के तामाङले थप्दै भने- यो भेडाबाखा मेरो श्रीमतीको 'ज्हो' हो । म अहिले पूरै गोठालो गरी गोठमा छु, मेरो साथीहरू सबै विदेश गए । अहिले म यहीं भेडाबाखा बेचेर बच्चाहरूलाई खर्च गर्छु ।

'ज्हो' आमाबुबा वा आफन्तले किशोरी अवस्थामै उनको नाममा दिइएको सम्पत्ति हो, जसको अर्थ केवल आर्थिक सहयोग होइन, बरु सांस्कृतिक परम्पराको आधार पनि हो । यो परम्पराले छोरीको हक र अधिकारलाई सम्मान गर्दछ, जसले गर्दा उनीहरूको भविष्यको सुनिश्चितता र आत्मनिर्भरता सुनिश्चित गर्दछ । 'ज्हो' दिनु भनेको भविष्यमा आत्मनिर्भर बनाउनुको साथै सामाजिक तथा आर्थिक अवस्था दरिलो बनाउनु भए पनि यसले सामाजिक तथा सांस्कृतिक परम्पराको मौलिक पहिचान र सभ्यतालाई निरन्तरता दिनु पनि हो ।

**५.४. अविवाहित महिलाको अधिकार**

अविवाहित महिलाहरूले पनि 'ज्हो' प्रणालीमा महत्त्वपूर्ण भूमिका खेल्दछन् । उनीहरूले सङ्कलित 'ज्हो'लाई आफ्नो जीवनको एक हिस्सा मान्छन् र त्यसले उनीहरूको भविष्यको सुरक्षा र स्वाधीनता सुनिश्चित गर्दछ । 'ज्हो'ले उनीहरूको संघर्ष र प्रयासको प्रतीकको रूपमा काम गर्दछ, जसले तिनीहरूको जीवनमा आर्थिक लाभ र आत्मनिर्भरता ल्याउँछ । 'ज्हो'सँग उनको परिश्रम, माइतीको श्रम र उनको बाल्यकालको भूमिकालाई स्मरण गर्ने एक शक्ति हो जसले जीवनकालमा सधैँ आफ्नो पुर्ख्यौली

भूमिको आस्थाको प्रतीकका रूपमा लिने हो भन्ने मान्यता राखिन्छ ।

अविवाहित महिलाको अधिकारमा 'ज्हो'को रूपमा स्वआर्जन गरी कमाएको सम्पत्ति आफ्नो निजी वा व्यक्तिगत रूपमा राख्ने र आफैँले 'ज्हो' वा 'देज्हो'लाई उपभोग गरिन्छ जसलाई सिपेखर्च (किरिया खर्च) को लागि राख्ने भन्ने चलन पनि छ । अविवाहित महिलाको 'ज्हो' वा 'देज्यो जीवनभर आफैँले उपभोग गर्ने र उनको मृत्युपश्चात् किरिया खर्च गरी बाँकी रहेको सम्पत्ति दिदीबहिनीपट्टिका छोरीहरूको हक अधिकार लाग्दछ । दिदीबहिनीका छोरीहरू नभए दिदीबहिनीका छोराहरूको हक लाग्छ र उपभोग गर्छन् ।

**५.५. 'ज्हो'को प्रतीकात्मक अर्थ**

हिन्दुङ निवासी ७३ वर्षीय श्री पासाङ तामाङको भनाइमा 'ज्हो' प्रणालीलाई 'बीउ'को रूपमा पनि बुझ्न सकिन्छ । यो केवल आर्थिक सम्पत्ति होइन, बरु तामाङ समुदायका सांस्कृतिक मान्यताहरूको प्रतिनिधित्व गर्दछ । 'ज्हो'ले पुराना परम्पराहरूको संरक्षण गर्दै नयाँ उत्पादनको आधार तयार गर्छ । यो विश्वास गरिन्छ कि छोरी विवाहपछि पनि आफ्नो 'ज्हो' लिएर जानुपर्छ, जसले माइती पक्षको प्रतिनिधित्व गर्दछ । यो मानसिकता 'कन्यादान' गर्ने प्रथा विपरीत छ । तामाङ समुदायमा कन्यादान गर्दैनन्, बरु छोरीको अधिकार सुनिश्चित गर्न माइती पक्षले बारदनको रूपमा 'ज्हो' दिन्छन् । कन्यादान दिनु भनेको छोरीको दान गर्नु हो । जहाँ छोरीको अधिकारलाई समाप्त गरिन्छ, त्यहाँ छोरीहरू पशुपक्षी बराबर हुन्छन् । तामाङ समुदायमा छोरीको माइती पक्षमा सधैँको रूपमा रहने विश्वासले तिनीहरूको सांस्कृतिक पहिचान र अधिकारलाई सुनिश्चित गर्न 'ज्हो' दिने गर्छन् ।

हिन्दुङ निवासी ६५ वर्षीय श्रीमती फेसाङ तामाङको भनाइमा तामाङ समुदायले 'ज्हो' दिनु भनेको बिउ दिनु हो । बिउले मात्रै उत्पादन बढाउँछ । उत्पादन हुन बिउ चाहिन्छ । त्यसैले छोरीले लागेको 'ज्हो' बिउ हो । छोरीलाई कन्यादान दिएर नभई बिउको वरदान दिएर पठाउनुपर्छ भन्ने मान्यता नै 'ज्हो' प्रणाली हो । बिउ प्राकृतिक वरदान हो जसले सृष्टि गर्छ । त्यसैले छोरीले सन्तान बढाउन र सम्पत्ति आर्जनको लागि उत्पादन बढाउनुपर्छ भन्ने मान्यता 'ज्हो'सँग जोडिएको मान्यता रहेको छ । छोरी र बिउ भनेको सृष्टि हो । सृष्टिले मात्रै उत्पादन बढाउन मद्दत गर्दछ भन्ने कथान रहेको पाइन्छ । बिना सृष्टि उत्पादन हुँदैन भन्ने मान्यता तामाङ समुदायमा रहेको छ ।

**५.६. 'ज्हो'को सामाजिक अर्थ**

'ज्हो' प्रणाली एक प्रकारको बिउको रूपमा काम गर्दछ, जसले भविष्यको उत्पादन र विकासको आधार सुनिश्चित गर्दछ । यसले तामाङ समुदायमा छोरीलाई उत्पादनात्मकता र सृष्टिकर्ताको रूपमा स्थापित गर्दछ । विवाहपछि पनि छोरीले आफ्नो 'ज्हो'लाई आफ्नो मातृ पक्षको प्रतिनिधित्वको रूपमा लिन्छन् । जसले सामाजिक र सांस्कृतिक संरचना मजबुत बनाउँछ । 'ज्हो' प्रणाली सामाजिक तथा सांस्कृतिक मान्यतामा आधारित परम्परा रूपमा चल्दै आएको आफ्नो मौलिक सभ्यता र परम्परागत संस्कृतिको रूपमा मान्यता राख्दछ ।

५९ वर्षीय श्रीमती मोनसाङ तामाङको भनाइमा- जसले 'ज्हो' प्रणाली आर्थिक अवस्थासँगै सामाजिक तथा सांस्कृतिक संरचना, मूल्यमान्यता, अवस्था, विश्वास र आस्थाको रूपमा रहेको छ । 'ज्हो' प्रणाली तामाङ समुदायमा महिलाको अधिकार, आत्मनिर्भरता र स्वामित्वको प्रतीक हो । यो केवल धनको सङ्कलन नभएर सामाजिक र सांस्कृतिक मूल्यहरूको संरचना हो, जसले महिला र तिनीहरूको भविष्यको सुरक्षामा महत्त्वपूर्ण भूमिका खेल्दछ । 'ज्हो'को माध्यमबाट महिलाहरूले आफ्नो आर्थिक स्थिति सुधार्न, आत्मनिर्भर बन्न र सृष्टि गर्नका लागि आवश्यक आधारभूत मूल्य र शिक्षा प्राप्त गर्छन् । यसबाट तामाङ समुदायमा छोरीको भूमिका सुदृढ हुन्छ र उनीहरूलाई आर्थिक र सामाजिक क्षेत्रमा सक्रिय बनाउँछ ।

'ज्हो' प्रणालीले तामाङ समुदायमा सामाजिक र सांस्कृतिक ढाँचा निर्माण गर्नमा महत्त्वपूर्ण भूमिका खेल्दछ । यसले छोरीको आर्थिक सुरक्षा र भविष्यको सुनिश्चितता मात्र होइन, बरु तिनीहरूको सामाजिक क्रियाकलाप र पारिवारिक सम्बन्ध पनि मजबुत बनाउँछ । तामाङ समुदायमा 'ज्हो' प्रणालीले महिलामाथिको भेदभाव हटाएर तिनीहरूको सशक्तीकरणमा योगदान पुऱ्याएको छ । महिलाहरू पनि आर्थिक उन्नतिको एक हिस्सेदार हुन् । समाजमा महिलाहरू आर्थिक सम्पन्नताले युक्त भए भने समाजमा समृद्धि र लैङ्गिक समानता बन्न सक्छ भन्ने एक सामाजिक तथा सांस्कृतिक मूल्यमान्यतालाई 'ज्हो'ले मजबुत बनाएको मानिन्छ ।

**६. 'ज्हो' प्रणाली: तामाङ समाजको ऐतिहासिक र सांस्कृतिक महत्त्व**

तामाङ समुदायमा 'ज्हो' प्रणालीले ऐतिहासिक र सांस्कृतिक महत्त्व पनि राख्दछ । ८३ वर्षीय बोम्पो श्री रङछेरुङ तामाङका अनुसार तामाङ समुदाय घुमन्ते-फिरन्ते जीवनको क्रममा खोरिया, शिकार गर्दै आएको बेलामा सामूहिक बसोबास गर्थे । जब छोरी चेली विवाह गरी अर्काको घरमा जाने बेला हुन्थ्यो त्यो बेलामा 'ज्हो'को रूपमा केही दिनुपर्छ खाली हात पठाउनु हुँदैन भन्ने मान्यता थियो । यसले तामाङ समुदायको ऐतिहासिक विरासततिर सङ्केत गर्दछ । अर्धमातृसत्ता समाजको रूपमा तामाङ समुदाय थियो भन्ने लख यस भनाइबाट काट्न सकिन्छ ।

'ज्हो', जसलाई स्वआर्जन गरिएका सम्पत्तिको रूपमा परिभाषित गरिन्छ, केवल दाइजो, पेवा जस्ता पारम्परिक संस्कृतिहरू भन्दा अलग छ, किनभने यसमा महिलाको व्यक्तिगत स्वामित्व र अधिकार स्पष्ट रूपले मानिन्छ । पेवा र दाइजो एउटा प्रथा हो भने 'ज्हो' वा 'देज्हो' संस्कृति संरचना हो भन्ने मान्यता रहेको छ । पेवा वा दाइजो विहेको बेलामा दुलहीलाई दिने सम्पत्ति हो भने 'ज्हो' वा 'देज्हो' छोरी किशोरी अवस्थामा रहेको बेलादेखि उनको नाममा थोपाथोपा जम्मा गरिदिएको अन्नबाली वा नामकरण गरिएको भेंडाबाखा, गाईभैंसी, कुखुरालगायत चल/अचल वा चौकायाबाट उत्पादित सम्पत्ति हो । 'ज्हो' वा 'देज्हो' विवाहमा आफन्त वा माइती पक्षले दुलहीलाई दिएको सम्पत्ति होइन, उनको नाममा जम्मा गरेको सम्पत्ति हो । जसमा केवल सम्बन्धित व्यक्तिको मात्रै हक लाग्दछ ।

स्नातकोत्तर तहमा अध्यनरत २४ वर्षीय सुस्मिता तामाङको भनाइमा तामाङ समुदाय पितृसत्तात्मक नभए पनि अरू समुदायमा जरा गाडेको पितृसत्तात्मक समाजलाई निर्मुल पारी महिला तथा लैङ्गिक मैत्री समाज निर्माणमा टेवा पुऱ्याउन ज्हो प्रणालीले मद्दत गर्दछ । जसले समाजको विभेदीकरणलाई हटाएर सामाजिकीकरणका रूपमा समान अधिकारको सुनिश्चित गर्दै महिलाहरूलाई आत्मबल र आत्मसम्मानको वातावरण निर्माण गर्दछ ।

उनी भन्छिन्-

> *उदाहरणको रूपमा 'ज्हो' प्रणालीलाई मात्रै नलिएर पछिल्लो चरणमा वैदेशिक रोजगारमा गएका महिलाहरूले २/४ वर्ष विदेश संघर्ष गरी केही आर्जन गरेको सम्पत्तिले सदरमुकाममा जग्गाजमिन किनेका छन् । गाउँमा पनि केही व्यवसाय गरेका छन् र बिहेपछि आफूसँग भएको सम्पत्तिलाई आफू अनुकुल प्रयोग गरेर आर्थिक रूपमा आत्मनिर्भर बनेका छन् । पहिला-पहिला जसरी श्रीमान्प्रति निर्भर हुनुपर्ने थियो आहिले आफै आत्मनिर्भर बनेको देखिन्छ र केही महिलाहरू सहरमा सानातिना जागिर वा व्यवसाय गरेर पनि आत्मनिर्भर बनेको उदाहरण देखिन्छ । जसले गर्दा महिलाहरूसँग केही सिप, ज्ञान र कलाको साथै आर्थिक आय-आर्जन भयो भने समाज निर्माणमा फर्को मर्न सक्छन् भन्ने देखिन्छ।*

त्यसैगरी वैदेशिक रोजगारमा रहेकी २६ वर्षीय श्रीमती ज्योति तामाङ र श्रीमती नरमाया तामाङ भन्छिन्-

*हामी वैदेशिक रोजगारका लागि विदेश जान लागेको तर हामीसँग पैसा थिएन । आमासँग भएको 'ज्हो'को पैसाले हामी विदेश गयौँ । अहिले हामी विदेशमा मेहनत गर्दैछौँ । विगतमा आमाहरूले जसरी शारीरिक, मानसिक र पारिवारिक तनाव भोगेर आर्थिक समस्या भोग्नुपर्ने थियो तर अहिले हामी विवाहित महिला भए तापनि भोग्नुपर्ने अवस्था आएन । यता घरमा श्रीमानलाई पढ्न खर्च पठाएका छौँ, उता आमाबुबा र भाइबहिनीहरूलाई पनि पढ्न अलि-अलि सहयोग गर्ने मौका पाएका छौँ । त्यसैले हामी महिला पुरुष नभनी जसले जे सक्यो त्यही गऱ्यौँ भने आर्थिक अवस्था सुधार्न मद्दत गर्दछ । हामीले आमाले ल्याएको 'ज्हो' नै हाम्रो घरको आर्थिक आधार बनेको देखेर नै हामी पनि कमाउन विदेश गएका हौँ ।*

यसबाट तामाङ महिलाहरूमा आत्मनिर्भरताको चेतना ज्हो प्रणालीले विकास गरेको हो भन्ने देखिन्छ ।

**७. अरू समुदाय र नेपाली शब्दकोश र मुलुकी ऐनसँग तुलनात्मक अध्ययनः**

पेवाबारे नेपाली बृहत् शब्दकोशमा यसरी व्याख्या गरिएको छ- पेवा भन्नाले '१.लोग्ने, लोग्नेपट्टिका अंशियार, घरतर्फका अरू नातेदार वा इष्टमित्रले मन्जुरीको लिखत गरिदिएको र त्यसबाट बढेबढाएको वा माइतीले वा मावलीले दिएको धन वा दाइजो वि. २ निजि वा व्यक्तिगत' र दाइजो भन्नाले विवाहमा दुलहीका बुबा आमाहरूले दुलहीलाई दिएर पठाइने धनामाल (लुगा गहना, गोडधुवा आदि) (पोखरेल, २०५८) । त्यसैगरी राणाकालीन मुलुकी ऐन १९१० को महल नं ४ मा स्वास्नी मानिसलाई माइती मावलीपट्टिका नातेदार इष्टमित्रले दिएको चल अचल र त्यसबाट बढेबढाएको सम्पत्ति दाइजो ठहर्छ (तामाङ, २०७५) भन्ने उल्लेख भएको पाइन्छ भने लोग्ने वा लोग्नेपट्टिका अंशियारहरूले मन्जुरी लिखत गरिदिएको र लोग्नेपट्टिका अरू नातेदार वा इष्टमित्रले दिएको चल अचल र त्यसबाट बढेबढाएको सम्पत्ति पेवा ठहर्छ भनी साबिक मुलुकी ऐन र हाल मुलुकी देवानीसंहिता (२०७४) मा उल्लेख गरिएको छ । महिलाले आफ्नो माइतीपट्टिबाट पाएको चल-अचल सम्पत्तिलाई दाइजो भनिन्छ भने आफ्नो श्रीमान्पट्टिको नातेदारबाट उसको एकलौटी हक हुने गरी दिएको चल वा अचल सम्पत्तिलाई पेवा भनिन्छ (धिताल, २०७९) ।

चेपाङ समुदायमा छोरी जन्मेपछि चिउरीको बोट रोप्ने चलन छ, त्यो बोट विवाहपश्चात् पनि छोरीको नाममा रहेको हुन्छ अर्थात् छोरीले बोट पाउने प्रचलन छ । लिम्बु समुदायमा पेवाको बारे खासै नभए पनि आमाको कुल देउता छोरीले विवाहपछि पनि साथमा लैजाने परम्परा छ । छोरीले लोग्नेको घरमा आमाले दिएको देउताको पूजा गर्ने गर्छन् । आमाको कुल देउता छोरीले पाउने परम्परालाई लिम्बु समुदायमा संस्कृतिको रूपमा मान्दछन् (तामाङ, २०७५) । मानवशास्त्री डा. क्याथरिन मार्चले ९० को दशकमा तामाङ महिलाका सम्बन्धमा दुईवटा विषयको उठान गरी (१) तामाङ समुदायमा जेन्डर (लैङ्गिकता) को अवधारणा छैन र (२) तामाङ महिला सिप र पेवाले गर्दा निकै सशक्त र बलिया हुन्छन् (क्मार्च, १९८४) भन्ने निष्कर्ष निकालेका छन् ।

बुबा आमा वा दाजुदिदी वा आफन्तले छोरी सानो छँदा किशोरी अवस्थामा उनको नाममा कुखुरा, भेँडाबाखा, गाईभैँसी, अन्नबालीलगायत चल/अचल वा चौपाया दिने गर्छन् जसलाई 'ज्हो' भनिन्छ भने उनैले श्रम गरेर वा आफन्तकोमा सिलो टिपेर वा स्वार्जन गरी कमाएर राख्ने चल/अचल सम्पत्तिलाई 'देज्हो' भनिन्छ । 'ज्हो' वा 'देज्हो' नेपालको मुलुकी ऐनले भनेजस्तो पेवा वा दाइजो होइन जो विवाहपछि वा दुलहीलाई दिएर पठाएको हुन्छ । यसमा त छोरीहरूको जुनसुकै बेला हक लाग्छ र त्यो सुरक्षित पनि हुन्छ । 'ज्हो' विवाहमा भन्दा उनको किशोरी अवस्थामा सानो छँदा उनलाई स्वार्जन गर्न सिक्ने, जम्मा गर्न सिकाउने र भविष्यमा उनको नाममा के कुरा बढी फाप्ने भन्ने अर्थसँग पनि हेरिन्छ । त्यसैले 'ज्हो' विवाहअघि सानै उमेरमा जम्मा गरी राखेको एक अंशियार नै हो । विवाहपछि

'ज्हो' दिँदा छोरीले नयाँ घर बनाएर सार्ने बेलामा एक वर्ष खान पुग्नेगरी माइती पक्षले पनि दिने गर्छन् । त्यसैले तामाङ समुदायका महिलाहरूले 'ज्हो'लाई आत्मनिर्भर, स्वआर्जन, लैङ्गिक समानता आदिका रूपमा हेर्ने गर्दछन् ।

**८.'ज्हो' प्रणालीमा महिलाहरूको सहभागिता**

'ज्हो' प्रणालीले महिलालाई अधिकार र सम्मानको प्रतीकको रूपमा मानिन्छ तर यसमा तिनीहरूको सहभागितालाई सुदृढ पार्नका लागि थप प्रयास र पहलहरूको आवश्यकता छ । यसैले तामाङ महिलाहरूको सशक्तीकरणका लागि समान अवसर र अधिकारको सुदृढीकरण अनिवार्य छ, जसले तिनीहरूको सामाजिक र आर्थिक स्थिति सुधार्न सक्छ ।

सेर्तुङ निवासी ३६ वर्षीय शान्ति तामाङका अनुसार- *आर्थिक अवस्था सुधार्न पनि महिलाहरूको आर्थिक उन्नति हुन जरुरत छ । महिलाको आर्थिक अवस्था सुधार्नु भनेको घरपरिवारको आर्थिक अवस्था सुधार्नु हो । बालबालिकाहरूको लालापालन पनि घरमा आमाहरूको जिम्मामा हुन्छ । कम्तिमा आर्थिक रूपमा आमाहरू आत्मनिर्भर भयो भने बच्चाहरूको पलापोषणमा पनि राम्रो हुन्छ।*

**९. चुनौतीहरू : महिलाहरूका लागि आइपर्ने समस्या र अवरोधहरू**

तामाङ समुदायका महिलाहरूलाई 'ज्हो' प्रणालीमा सक्रिय सहभागिताको सन्दर्भमा विभिन्न चुनौतीहरूको सामना गर्नुपर्दछ, जसले उनीहरूको अधिकार र अवसरलाई अवरुद्ध गर्न सक्छ । पहिलो चुनौती भनेको परम्परागत मान्यताहरू हो, जसले महिलाहरूको भूमिका सीमित पार्छ र उनीहरूको क्षमताको मूल्याङ्कनमा भेदभाव उत्पन्न गर्छ । यसका अतिरिक्त, शिक्षा र जागरूकताको कमीले पनि महिलाहरूलाई आफ्नो अधिकार र उपलब्ध अवसरहरूको बारेमा जानकारी नहुनका कारण समस्या आउन सक्छ । यो अवस्था तिनीहरूको आत्मविश्वास र निर्णय क्षमतालाई कमजोर बनाउँछ ।

सामाजिक र आर्थिक दबाबहरू, जस्तै गरिबी र पारिवारिक जिम्मेवारीहरूको चापले पनि महिलाहरूलाई तिनीहरूको क्षमताअनुसार काम गर्नबाट रोक्दछ । यस प्रकारका सामाजिक संरचनाहरूले तामाङ महिलाहरूको सशक्तीकरणमा बाधा पुऱ्याउँछन् र उनीहरूको स्वास्थ्य, शिक्षा र आर्थिक स्वतन्त्रतामा नकारात्मक प्रभाव पार्छन् । 'ज्हो' प्रणालीमा महिलाको भूमिका र अधिकारलाई सुनिश्चित गर्नका लागि यी चुनौतीहरूको पहिचान र समाधानमा गहिरो अध्ययन र ध्यान दिनु आवश्यक छ, जसले तिनीहरूको स्थिति सुधार्नमा मद्दत गर्नेछ ।

यस अध्ययनले 'ज्हो' प्रणालीले महिलाहरूको अधिकार र अवसरको सन्दर्भमा विद्यमान चुनौतीहरूको विश्लेषण गर्दै, तामाङ समुदायमा महिला सशक्तीकरणका लागि आवश्यक उपायहरूको विकासमा ध्यान केन्द्रित गर्नेछ । महिला र पुरुषबिचको समानता, अवसरको उपलब्धता र परम्परागत अवरोधहरूलाई हटाउने प्रक्रियामा सकारात्मक परिवर्तनको आवश्यकता महत्त्वपूर्ण छ, जसले तामाङ समुदायका महिलाहरूको अधिकार र भूमिका सुदृढ पार्नमा योगदान पुऱ्याउँछ ।

**१०. सामाजिक ढाँचाः परिवार र समुदायमा महिलाको स्थान**

तामाङ समुदायमा महिलाको स्थान परिवार र समुदायको संरचनामा एक विशेष भूमिका खेल्दछ, तर यसले सामाजिक ढाँचामा गहिरो जटिलताहरूको सङ्केत पनि गर्दछ । परिवारको संरचनामा महिलाहरू आम रूपमा पारिवारिक कार्यहरू, शिक्षासम्बन्धी गतिविधिहरू र समुदायका चाडपर्वहरूमा संलग्न रहन्छन् । जसले गर्दा उनीहरूको सामाजिक पहिचानको विकासमा योगदान पुऱ्याउँछ । यद्यपि महिलाहरूको कार्यप्रणाली महत्त्वपूर्ण छ । तिनीहरूको सामाजिक स्थान प्रायः पुरुषहरूको निर्णयमा निर्भर रहन्छ । जसले गर्दा उनीहरूको स्वायत्तता र सशक्तीकरणमा अवरोध आउँछ ।

सामुदायिक स्तरमा पनि महिलाहरूको सहभागिता सीमित हुन्छ, जहाँ तिनीहरूलाई परम्परागत भूमिकामा सीमित पारिएको छ । 'ज्हो' प्रणालीमा महिलाहरूको अधिकार र सहभागितालाई सुदृढ गर्नका लागि आवश्यक छ कि समाजले परिवर्तनशील दृष्टिकोण अपनाउने होस्, जसले महिलाको समानता र सम्मानको सुनिश्चितता गराओस् । यस दृष्टिकोणले तामाङ महिलाहरूको सामाजिक स्थिति सुधार्न र 'ज्हो' प्रणालीमा तिनीहरूको सक्रियता र अधिकारको सुदृढीकरणमा सहयोग पुऱ्याउन सक्छ ।

## ११. 'ज्हो' प्रणालीको प्रभाव र परिवर्तनहरू

'ज्हो' प्रणालीले तामाङ समुदायका महिलाहरूलाई सशक्तीकरणमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ, जसमा उनीहरूको निर्णय प्रक्रिया, सामाजिक सहभागिता र आर्थिक गतिविधिहरूमा सक्रिय भूमिका समावेश छ । यो प्रणालीले महिलाहरूलाई पारिवारिक र सामुदायिक मुद्दाहरूमा आवाज दिनको लागि प्लेटफर्म प्रदान गर्दछ । जसले उनीहरूको आत्मविश्वास र नेतृत्व क्षमतालाई सुदृढ बनाउँछ । 'ज्हो' प्रणालीमा महिलाहरूको विचार र अनुभवलाई महत्त्व दिइन्छ, जसले गर्दा तिनीहरूले आफ्ना हक र अधिकारको संरक्षण गर्न सक्षम हुन्छन् । यसले महिलाहरूलाई शिक्षामा र स्वास्थ्य सेवामा पहुँचको महत्त्वलाई बुझ्नमा पनि मद्दत पुऱ्याउँछ, जसले उनीहरूको व्यक्तिगत र सामूहिक विकासमा सकारात्मक प्रभाव पार्छ ।

'ज्हो' प्रणालीले तामाङ समुदायमा धेरै सामाजिक परिवर्तनहरू ल्याएको छ, जसमा सकारात्मक र नकारात्मक दुवै पक्ष समावेश छन् । सकारात्मक रूपमा यो प्रणालीले महिलाको अधिकार र सशक्तीकरणको दिशामा प्रगति गराएको छ जसले समाजमा लैङ्गिक समानताको भावना विकास गरेको छ । महिलाहरूको भूमिका र सहभागिता वृद्धि भएको छ, जसले तामाङ समाजको समग्र विकासमा योगदान पुऱ्याएको छ ।

तर नकारात्मक पक्षमा, 'ज्हो' प्रणालीमा परम्परागत मान्यताहरू र संरचनाहरूले अझै पनि महिलाको सशक्तीकरणमा बाधा पुऱ्याइरहेका छन् । केही महिलाहरूले आफ्नो अधिकार र स्वायत्तता प्राप्त गर्न कठिनाइ अनुभव गर्छन् । विशेष गरी ग्रामीण क्षेत्रमा जहाँ परम्परागत भूमिकाहरू अझै प्रबल छन् । यसैले 'ज्हो' प्रणालीको प्रभावलाई समग्रमा मूल्याङ्कन गर्दा, यसको सकारात्मक पहलुलाई सुदृढ गर्ने र नकारात्मक प्रभावलाई कम गर्ने उपायहरूको पहिचान गर्नु आवश्यक छ जसले तामाङ समुदायको सामाजिक र सांस्कृतिक ढाँचामा दीर्घकालीन परिवर्तन ल्याउन सक्छ ।

## १२. निष्कर्ष

तामाङ समुदायमा 'ज्हो' प्रणाली विशेष गरी महिलाको आर्थिक र सामाजिक सशक्तीकरणको प्रतीक हो । 'ज्हो' भन्नाले परिवारबाट छोरीलाई विवाहअघि दिइने सम्पत्ति, जस्तै कुखुरा, भेडाबाखा र अन्य चलअचल सम्पत्ति जनाइन्छ । यो प्रणाली छोरीको भविष्यको सुरक्षा र स्वामित्व सुनिश्चित गर्ने उद्देश्यले सञ्चालित हुन्छ । 'ज्हो'को संरचना र परिभाषा राणाकालीन मुलुकी ऐन र हालको कानूनी सन्दर्भमा दाइजो र पेवाबाट अलग छ । 'ज्हो'ले छोरीको व्यक्तिगत स्वामित्वलाई मान्यता दिन्छ र विवाहपछि पनि उसलाई आफ्नो माइती पक्षमा सम्पत्ति र अधिकारको संरक्षण गराउँछ ।

'ज्हो' प्रणाली महिलाको अधिकार र सम्मानको सुनिश्चितता गर्दछ, जसले तामाङ समुदायमा सामाजिक र सांस्कृतिक मान्यताहरूको संरक्षणमा महत्त्वपूर्ण भूमिका खेल्दछ । यसबाट महिलाहरूले आत्मनिर्भरता र आर्थिक स्थिरता हासिल गर्छन्, जसले समग्र समुदायको विकासमा योगदान पुऱ्याउँछ ।

अविवाहित महिलाहरू पनि 'ज्हो' प्रणालीमा सहभागी हुन सक्छन्, जसले उनीहरूको जीवनको आर्थिक सुरक्षा र आत्मनिर्भरता सुनिश्चित गर्दछ । 'ज्हो'ले तामाङ संस्कृति र परम्पराको मौलिकता पनि कायम राख्दछ, जहाँ छोरीको हक र अधिकारलाई उच्च मूल्य दिइन्छ । यसैले, 'ज्हो' प्रणाली तामाङ

समाजको सांस्कृतिक पहिचान, सामाजिक संरचना र महिलाको सशक्तीकरणको एक अनिवार्य तत्त्व हो । 'ज्हो' प्रणाली तामाङ समुदायको एक संस्कृति हिस्सा पनि हो । 'ज्हो' संस्कृतिले महिलाहरूको आर्थिक अवस्थाको स्वामित्व, आत्मनिर्भर र सशक्तीकरणको सुनिश्चितता गर्दछ । भने 'ज्हो' एक तामाङ समुदायको सभ्यता र मौलिक परम्परा भाषा, संस्कृति कलाकृति, सिप, पेसा, आस्था र विश्वासको प्रवर्धन र सम्वर्धन गर्छ ।

यो प्रणालीले महिलाहरूलाई बचपनदेखि नै सम्पत्ति सङ्कलन गर्न र भविष्यमा आत्मनिर्भर बन्न प्रेरित गर्दछ । 'ज्हो', केवल आर्थिक सम्पत्ति मात्र नभएर तामाङ सांस्कृतिक पहिचानको प्रतीक पनि हो, उनीहरूको सभ्यता पनि हो । जसले महिलालाई सामाजिक क्रियाकलापमा सक्रिय बनाउँछ र पारिवारिक निर्णय प्रक्रियामा उनीहरूको सहभागिता सुनिश्चित गर्दछ । यस 'ज्हो' प्रणालीले महिलाहरूलाई भविष्यका लागि सुरक्षा र अवसर प्रदान गर्दछ, जसले तिनीहरूको व्यक्तिगत र सामुदायिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ । 'ज्हो' प्रणालीले तामाङ समाजमा लैङ्गिक समानता र महिलाको सशक्तीकरणको दिशामा सकारात्मक कदम उठाउन मद्दत गर्दछ ।

तामाङ समुदायमा 'ज्हो' शक्ति, सदभाव, आत्मा, भावना, अवस्था, विश्वास र सम्बन्धसँग जोडिएको हुन्छ । 'ज्हो' पूर्णरूपमा छोरीको अधिकार लाग्ने आमाको 'ज्हो'मा छोराभन्दा छोरीको मात्रै हकाधिकार लाग्ने, आमाको सम्पत्ति छोरीले उपभोग गर्ने अधिकारको सुनिश्चित रहेको हुन्छ । त्यसैले यसको संरक्षण तथा सम्वर्धन र प्रवर्धन गर्नु आम तामाङ समुदाय र राज्यको दायित्व रहेको छ भने 'ज्हो' व्यवस्थालाई जोगाउनु तामाङ समुदायका महिलाहरूको अधिकार र कर्तव्यको सुनिश्चित गर्नु हो ।

## सन्दर्भ सामग्री


शर्मा, जनकलाल (२०३८) नेपालको तामाङ समाज, प्रज्ञा १०.३:७६-९६, काठमाडौँ: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, जनकलाल (२०३९) हाम्रो समाज एक अध्ययन, ललितपुर : साझा प्रकाशन ।

बिष्ट, डोरबहादुर (२००२) सबै जातको फुलबारी, ललितपुर : साझा प्रकाशन ।

तामाङ, सेतेमान (२०८१) रुबिभ्यलीका तामाङ समुदायमा प्रचलित मणि जात्राको मानवशास्त्रीय अध्यायन, स्नातकोत्तर तह शोधपत्र, त्रिभुवन विश्वविद्यालय, मानवशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर ।

तामाङ, रुद्रसिंह (२०५९) तामाङ जातिमा बौद्ध धर्म, काठमाडौँ : तामाङ समाज अनुसन्धान तथा विकास केन्द्र ।

तामाङ, मोहन गोले (२०७७) जातिवादको शल्यक्रिया, काठमाडौँ : ताम्सालिङ नलेज सेन्टर ।

धिताल, शिवराज (२०७९) महिलाले पाउने दाइजो र पेवा बारे के छ कानूनी व्यवस्था ?, अर्थपथ अनलाइन खबर, असार २५ शनिवार २०७९ ।

पाखीन, इशामणि (२००५) तामाङ संस्कृति अनि बौद्ध धर्म, बौद्धिक जागरण १.१:१०-१३ दार्जीलिङः ताबौघे ।

पाठक, युग (२०६६) उर्गेनको घोडा, काठमाडौँ : साङ्ग्रिला बुक्स ।

लामा लो, नरेन्द्र (२००५) तामाङ जातीय संस्कार-संस्कृतिका आधारहरू, फ्याफुल्ला पृ. ३७, दार्जिलिङः अखिल भारतीय तामाङ बौद्ध सङ्घ ।

दाहाल, रोशन (२०७२) गौतम बुद्ध जीवनी एवं दर्शन, काठमाडौँ : पाँचपोखरी प्रकाशन गृह ।

पाण्डे, मधुसुदन (२०६१) नेपालका जातजातिहरू, काठमाडौँ : पैरवी प्रकाशन ।

तामाङ, धन बहादुर (२०७५) नेपालमा तामाङ महिलाको पेवा 'ज्हो'ले परिवार र समाजमा पारेको प्रभावको अध्ययन, शोधपत्र स्नातकोत्तर तह, त्रिभुवन विश्वविद्यालय ।

मार्च, क्याथरिन (२०५१) तामाङ समाजमा नारी-पुरुषको कुनै भेद छैन, स्योम्हेन्दो १६:६-७, काठमाडौँ ।

राई, चन्द्रकुमार (२०८०) किरात राई जातिको भूमिका तथा संस्कृति खुवालुङ सम्बन्ध, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

राई, भक्त (२०२३) किरात साम्पाङ संस्कृतिमा खमवा-दीमवा (जाँड-रक्सी) परम्परा, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

सुब्बा, क्षितिज (२०२३) याक्थुङ (लिम्बु) प्रथाजनित सामाजिकपद्धति हिन्दु धर्म दर्शनको अतिक्रमण र परिणाम, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

छन्त्याल, हरिचन (२०७७) छन्त्याल जातिको चिनारी, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

गुरुङ, सरिना ७ दुरा, लोकबहादुर (२०७५) दुरा जातिको चिनारी, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

नेपालको संविधान (२०७२) नेपाल सरकार, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, काठमाडौँ कानुन किताव व्यवस्था समिति, बबरमहल ।

तामाङ योन्जन, अमृत (२०६७/२०७५) तामाङ सन्दर्भ ग्रन्थसूची, काठमाडौँ : म्हेन्दो ट्रस्ट ।

Durkheim, E. (1895). The Rules of sociological Method and Selected Texts on Sociology and its Methods, Edited with an introduction by Steven Lukes Translated by W.D. Halls, free PressÙ Later prt. Edition (Dec 1, 1982).

Franke, T. (1994). Himalayan HouseholdsM Tamang Demography and Domestic Processes. Columbia University Press.

Gorkha, N. (2014). Cultural Heritage of Tamang Community in Nepal. Nepali Literature Publishing.

Gurung, H. (2011). Tamang Language and CultureM A Study of Identity. Journal of Nepalese Studies, 6(2), 67–85.

Hagen, T. (1971). Tamang NepalM The Kingdom in Himalaya. Rand McNally.

Holmberg, D. (1989). Order in ParadoxM Myth, Ritual and Exchange among NepalÚs Tamang. Cornell University Press.

Malinowski, B. (1931). A Scientific Theory of Culture. Routledge.

March, K. (1979). The Intermediacy of WomenM Female Gender Symbolism and the Social Position of Women among Tamang and Sherpa of Highland Nepal (Doctoral dissertation). Cornell University.

March, K. (1984). Weaving writing and genderM Metaphors of continuity and change. Man (N.S.), 18(4), 729–744.

March, K. (2002). If Each Comes HalfwayM Meeting Tamang Women in Nepal. Cornell University Press.

Rai, D. (2019). Social structure and cultural practices of the Tamang community. Asian Ethnology, 78(1), 75–92.

Tamang, S. M. (2081). Anthropological Study of Mani Jatra Popular in Tamang Community of Rubi Valley (MasterÚs thesis). Tribhuvan University.

Tamang–Yonjan, A. (2065÷2075). Tamang Bibliography. Mhendo Trust.

Taylor, E. B. (1871). Primitive CultureM Researches into the Development of Mythology, Philosophy, Religion, Art and Custom. Cambridge University Press.

Weber, M. (1988). The Nature of Socail Action pp. 7–32, RoutledgeÙ Reprint edition W.G. Runciman, Translated by E. Matthews.